नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
जलश्रोत तथा सिंचाइ विभाग

## कमला सिंचाइ व्यवस्थापन कार्यालय

धनुषा ।

E-mail:- kimo@dwri.gov.np

प.स. २०८१/०८२
च.नं. 692

मिति २०८१।११।०४

श्री कल्याणपुर नगरपालिकाको कार्यालय
सिरहा
श्री मिर्चैया नगरपालिकाको कार्यालय,
मिर्चैया सिरहा
श्री अर्नामा गाउँपालिकाको कार्यालय
सिरहा
श्री विष्णुपुर गाउँपालिकाको कार्यालय
सिरहा

विषय : सूचना टाँस गरी दिन हुन ।

यस कमला सिचाई व्यवस्थापन कार्यालय अर्न्तगत कमला पुर्वी नहर प्रणालीवाट निकालिएको विभिन्न शाखा अर्न्तगतका उपशाखा र प्रशाखा समिति गठन कार्य गर्न सुचनामा प्रकाशित मिति समय र स्थानमा उपभोक्ता कृषकहरु भेला भइ जल उपभोक्ता समिति गठन गर्ने गराउने भएकोले निर्वाचन उप–समितिको मिति २०८१।११।०४ गतेको यसै साथ संलग्न सूचना तँहा कार्यालयको सुचना पाटीमा टाँस गरी गराई सम्वन्धित कृषकहरुलाई जानकारी गराई दिन हुन र उक्त कृषक भेलावाट निश्पक्ष जलउपभोक्ता समिति गठन गर्न सहयोग गरी दिन हुन अनुरोध गरिन्छ ।

...................
कार्यालय प्रमुख
कार्यालय प्रमुख

१८८९
२०८१।११।०४

# सुचना !    सुचना !!    सुचना !!!

मिति २०८१।११।०४

विषय : जलउपभोक्ता उपशाखा /प्रशाखा समिति गठन सम्बन्धमा ।

यस कमला सिचाई व्यवस्थापन कार्यालय अर्न्तगत कमला पुर्वी नहर प्रणाली मुलनहर , रजोखरी उपशाखाको गठन कार्य रेडकस भवन विष्णुपुर ३ सिरहा, मुल नहर मनहर्वा उपशाखाको गठन कार्य मनहर्वा वजार आधा[रभुत विध्यालय मिर्चैया २ सिरहा , मुल नहरवाट निकालिएको लक्ष्मीपुर उपशाखाको गठन कार्य रामजानकी कुटी चोक विष्णुपुर ५ सिरहामा उपभोक्ता कृषकहरु भेला भइ जल उपभोक्ता समिति गठन गर्ने गराउने भएकोले तदर्थ समिति र निर्वाचन उप–समितिको मिति २०८१।९।१८ गतेका दिन बसेको वैठकको निर्णय अनुसार जल उपभोक्ता प्रशाखा समिति गठन कार्य गर्न निम्न मिति , समय र स्थानमा साधारण सभा हुने हुंदा सम्वन्धित प्रशाखामा सिंचाइ सेवा शुल्क तथा सदस्यता शुल्क बुझाइ कृषक लगतमा नाम समावेश भएका सरोकारवाला जग्गाधनी कृषकहरु सबैमा अनिवार्य उपस्थितीको लागि यो सुचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

| सि.नं. | मिति | नहरप्रणाली(उपशाखा /प्रशाखा ) को नाम | समय | स्थान | निर्वाचन समिति |
|---|---|---|---|---|---|
| १ | २०८१।११।८ | मुल नहर रजोखरी उपशाखा | विहान ११ बजे देखि दिनको ३ वजे सम्म | रेडकस भवन विष्णुपुर ३ सिरहा | राजकुमार यादव अरुण यादव |
| २ | २०८१।११।८ | मुल नहरवाट निकालिएको मनहर्वा उपशाखा | विहान ११ बजे देखि दिनको ३ वजे सम्म | मनहर्वा वजार आधा[रभुत विध्यालय मिर्चैया २ सिरहा | पवन यादव |
| ३ | २०८१।११।८ | मुल नहरवाट निकालिएको लक्ष्मीपुर उपशाखा | विहान ११ बजे देखि दिनको ३ वजे सम्म | रामजानकी कुटी चोक विष्णुपुर ५ सिरहा | महेश्वर यादव |
| | | | | | |

पुनश्च :(१) जलउपभोक्ता समिति गठनका लागि आफ्नै ५ कठ्ठा भन्दा बढी जग्गा र सो जग्गाको सिंचाई सेवा शुल्क तिरेको जग्गाधनीले मात्र सहभागी हुन पाउने छन् ।

(२) एक उपशाखा/प्रशाखा भन्दा बढी प्रशाखामा जग्गा भएको कृषकले कुनै एक ठाउँबाट मात्र समितिमा प्रतिनिधित्व गर्न पाउने छ भने अन्यमा सहमति गर्न पाउने छ ।

(३) लगतमा छुटेका कृषकहरुले आफ्नो प्रमाण (सिंचाइ सेवा शुल्क र सदस्यता शुल्क तिरेको रसिद र जग्गाधनी पुर्जाको प्रतिलिपि सहित उपस्थित हुनु पर्नेछ। साथै एकै कित्ता नं. उल्लेख गरि सिंचाइ सेवा शुल्क काटिएको पाइएमा जग्गाधनी पुर्जामा जस्को नाम उल्लेख भएको हुनेछ निजले मात्र भाग लिन पाउनेछ ।

(४)गठन कार्यमा सहभागी हुने कृषकले सिचाई सेवा शुल्क तिरेको रसिद, जग्गा धनी प्रमाण पुर्जा र प्रमाणको लागि नागरिता प्रमाण पत्र वा मतदाता परिचय पत्र साथमा लिई आउनु पर्ने छ ।

(५) ज.उ.समितिमा ३३ प्रतिशत महिला,दलित पिछडिएका बर्गको पदाधिकारी तथा सदस्यमा सहभागिता हुनु पर्नेछ ।

(६) श्रीमानको नाममा जग्गा भएमा श्रीमतिले र श्रमितीको नाममा भएमा श्रीमानले सहभागी लिन पाउनेछ ।

(७) अन्य कार्यविधी निर्वाचन समिति वा सदस्यले तोके बमोजिम हुनेछ ।

पवन यादव
निर्वाचन संयोजक